अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु कुमारी तारा घिमिरे र दिपा थापा मु.नं (०७९-CR-०१५८) फैसला मिति २०८०/११/०४	घुस/रिसवत लिई भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •**प्रतिवादीहरु कुमारी तारा घिमिरे र दिपा थापालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा विगो रु.१२,०००/- (अक्षेरुपी बाह्र हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम सजाय हुन मागदावी **अदालतको फैसला** •प्रतिवादीहरु कुमारी तारा घिमिरे र दिपा थापाले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको अवस्था छ।	**फैसलाः** प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •प्रतिवादीहरुले दिनु पर्ने सेवा वापत घुस रकम माग गरेको तथ्य कुनै प्रमाणबाट नदेखिएको, प्रतिवादी कुमारी तारा घिमिरेले प्रतिवादी दिपा थापालाई काम लगाएको वा रकम माग गर्न भनेको तथ्य पुष्टि नभएको। •प्रतिवादी दिपा थापाबाट रकम बरामद भएतापनी निजले उजुरकर्ताको काम गर्ने ओहोदाको कर्मचारी पनि नभएको र सह प्रतिवादी कुमारी तारा घिमिरेलाई उक्त रकम दिएको पनि नदेखिएको। •प्रतिवादीहरुले सरकारी राजस्व वापत लाग्ने रकम मात्र भनेको हो भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको।	•म निवेदक मिलन बहादुर मौनीले उत्तरवाहीनी फुड एण्ड बेभरेज प्रा.लि. को तर्फबाट अक्वा वाहिनी र अक्वा कोलमोटेश्वर नामक व्यापार चिन्ह(ट्रेडमार्क) दर्ता गर्नको लागि मिति २०७९/१२/२३ गते उद्योग विभाग,त्रिपुरेश्वर,काठमाडौंमा निवेदन दिएकोमा सो सम्बन्धमा कुनै जानकारी नपाएकोले मिति २०८०/०१/११ मा सो सम्बन्धमा जानकारी पाउँ भनी पुनः निवेदन दिएकोमा सो विभागको औद्योगक सम्पति शाखामा कार्यरत कुमारी तारा घिमिरेले तपाईले पेश गरेको ट्रेडमार्कको नाम परिवर्तन गर्नु पर्छ भनी भनेकोले अब के गर्ने भनी भन्दा निजले अतिरिक्त रकम माग गर्ने आशयले दिनु परिहाल्छनी,त्यसै दर्ता हुन्छ भनी सोही विभागमा कार्यरत कार्यालय सहयोगी (दिदी) ले कति भन्नु भाको छ सोही बमोजिम निज दीपा थापालाई नै दिनु भनेकोले दिपा थापाले भने बमोजिम दुई वटा ट्रेडमार्कको रु.१२,०००।– घुस/रिसवत माग गरेको हुँदा निजलाई म आफैले व्यवस्था गरी निजहरु विच घुस/रिसवत माग गर्दा भएको कुराकानीको श्रव्य दृश्य रेकर्ड समेत पेस गरेको छु आवश्यक कारवाहि गरिपाउँ भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको उजुरी निवदेन उपर छानविन गरी थप अनुसन्धान पश्चात दायर भएको प्रस्तुत मुद्दामा निवेदक मिलन बहादुर मौनीको उजुरी निवेदनलाई समर्थित हुने गरी शाखा अधिकृत कुमारी तारा घिमिरे र कार्यालय सहयोगी दिपा थापा निज कुमारी तारा घिमिरेकै कार्यकक्षमा बसीरहेको अवस्थामा फेला पारी निजहरुको शरिरसमेत खानतलासी गर्दा दिपा थापाको साथबाट रु.१२,०००।-(अक्षेरुपि बाह्र हजार) बरामद भएको देखिन्छ उक्त बरामद मुचुल्कालाई श्रव्यदृश्य सामाग्री सी.डी./डी.भि.डी. समेत समर्थित गरेको देखिन्छ भने प्रतिवादीहरु दिपा थापा र कुमारी तारा घिमिरेले अनुसन्धानको क्रममा बयान गर्दा खानतलासी /बरामदी मुचुल्कामा भएको दस्तखत, उजुरी निवेदकले निवेदन साथ पेश गरेको अडियो भिडियो रेकर्डमा भएको संवाद मेरोसमेत हो र देखिएको व्यक्ति पनि म समेत हो भन्नेसमेत व्यहोरा उल्लेख गरी बयान गरेको देखिन्छ। अनुसन्धानको क्रममा संकलित श्रव्य दृष्य विवरण परिक्षण गर्दा Extraction File Data Integrity "INTACT" भन्नेसमेत व्यहोराको परिक्षण प्रतिवेदन देखिन्छ। प्रतिवादी दिपा थापाको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED भन्नेसमेत व्यहोराको पोलिग्राफ प्रतिवेदन देखिन्छ भने उजुरी निवेदक मिलन बहादुर मौनीले पेश गरेको प्रतिवादीहरु कुमारी तारा घिमिरे, दिपा थापा र निज बीच आर्थिक लेनदेन बार्गेनिङ हुँदा गरिएको अडियो/भिडियो रेकर्ड संवादको आवाज परिक्षण गर्न पठाउदा कुमारी तारा घिमिरेको हकमा Match probability is more than ७४.७% र दिपा थापाको हकमा Match probability is more than ७३.९%. रहेको भन्ने समेत व्यहोराको स्वर(VSA) परीक्षण प्रतिवेदन देखिन्छ। प्रतिवादी कुमारी तारा घिमिरे उद्योग विभागको औद्योगिक सम्पत्ति शाखा(ख) को कामकाज गर्ने गरी मिति २०७८/०७/०८ गते देखि जिम्मेवारी तोकिएको र कार्यालय सहयोगी दिपा थापालाई मिति २०७६/०२/२३ गते देखि सोहि शाखामा कार्यरत रहेको छ भन्ने समेत व्यहोराको उद्योग विभागको पत्रबाट देखिन्छ। निवेदक मिलन बहादुर मौनीले अनुसन्धानको क्रममा दिएको निवेदन र कागज समर्थित हुनेगरी अदालत समक्ष उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ। मुचुल्का तथा घटना विवरण कागज गर्ने मानिसहरु हिराधन राई,लक्ष्मण नापित,दिलिप कुमार नेपाली,हिरा कुमारी सुनुवार र यसोमती परियारलेसमेत मुचुल्का तथा मौकाको कागज समर्थित हुने गरी अदालत समक्ष बकपत्र गरिदिए समेतका उल्लिखित मिसिल संलग्न सवुद प्रमाणहरुबाट

					प्रतिवादी कुमारी तारा घिमिरे र दिपा थापाले आपसी मिलेमतो तथा योजनामा उत्तरवाहिनी फुड एण्ड बेभरेज प्रा.ली.को तर्फबाट अक्वा वाहिनी र अक्वा कोलमोटेश्वर नामक व्यापार चिन्ह (ट्रेडमार्क) दर्ता गरी ट्रेडमार्क दिने प्रयोजनको लागी सेवाग्राही मिलन बहादुर मौनीसँग घुस/रिसवत वापतको रकम रु.१२,०००।-(अक्षेरुपि बाह्र हजार) लिई लिन लगाई प्रतिवादीहरु कुमारी तारा घिमिरे र दिपा थापाले घुस/रिसवत लिएको मिसिल संलग्न ठोस सवुद प्रमाणहरुबाट पुष्टि भईरहेको अवस्थामा उक्त प्रमाणहरुको उचित मुल्यांकन नगरी भएको प्रस्तुत फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटी पूर्ण रही बदर भागी छ। •प्रतिवादी दिपा थापा उक्त शाखामा प्रतिवादी कुमारी तारासँग नै कामकाज गर्न तोकिएको भन्ने उद्योग विभागको पत्र तथा निजहरुकै बयानबाट पुष्टि हुन्छ भने निजहरु सँगसाथमा एउटै कोठामा रहे भएको अवस्थामा रकम बरामद भएको श्रव्यदृश्य सामाग्री सी.डी./डी.भि.डी. समेतबाट देखिन्छ। निवेदक मिलन बहादुर मौनीले मौका तथा अदालतमा प्रतिवादी कुमारी तारा घिमिरेले सह प्रतिवादी दिपा घिमिरेलाई भेटी निजले भने बमोजिम दिनुहोला भनेपछी सोही बमोजिम दिपा थापालाई सोधि रकम दिएको हुँ भनी कागज तथा बकपत्र गरिदिएको देखिन्छ। निवेदक मिलन बहादुर मौनीले पेश गरेको प्रतिवादीहरु कुमारी तारा घिमिरे, दिपा थापा र निज बीच आर्थिक लेनदेन बार्गेनिङ हुँदा गरिएको अडियो/भिडियो रेकर्ड संवादको आवाज परिक्षण गर्न पठाउदा कुमारी तारा घिमिरेको हकमा Match probability is more than ७४.७% र दिपा थापाको हकमा Match probability is more than ७३.९%. रहेको व्यहोराको स्वर(VSA) परीक्षण प्रतिवेदन देखिन्छ। औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धि पेरिस महासन्धि, १८८३(PARIS Convention) को आर्टीकल ४ अनुसार ट्रेडमार्क दर्ता आवेदनका लागी ६(छ) महिना सम्म ग्राहायताको अधिकार रहने हुनाले कुनै पनी ट्रेडमार्क दर्ता आवेदनलाई ६ महिना पूरा नहुँदै प्रमाणपत्र जारी गर्न नमिल्ने हुँदा नगरीएको र कार्यालयको कार्यचापका कारण १ वर्ष सम्म लाग्ने गरेको, आवेदन दिए लगत्तै २ देखि ३ दिन सम्ममा ट्रेडमार्क दर्ता प्रमाणपत्र दिन नमिल्ने, ट्रेडमार्क दर्ता आवेदनसँगै ट्रेडमार्क दर्ता प्रमाणपत्र वापतको दस्तुर सेवाग्राहीले कार्यालयमा बुझाउनु नपर्ने/नमिल्ने, ट्रेडमार्क जारी गर्दा लाग्ने दस्तुर बापतको रकम महालेखा नियन्त्रण कार्यालयबाट नेपाल सरकारको राजश्व उठाउन अनुमती प्राप्त बैक ग्लोबल आईएमइ बैक, त्रिपुरेश्वरमा रहेको राजश्व खातामा जम्मा गर्ने गरिएको र प्रतिवादी कुमारी तारा घिमिरे उद्योग विभागको औद्योगिक सम्पत्ति शाखा(ख) को कामकाज गर्ने गरी जिम्मेवारी तोकिएको र कार्यालय सहयोगी दिपा सोहि शाखामा कार्यरत रहेको छ भन्ने समेत व्यहोराको उद्योग विभागको पत्रबाट देखिदा निज प्रतिवादीहरुको मिलेमतो गरी निवेदकको निवेदन बमोजिम ट्रेडमार्क दर्ता आवेदनका लागी ६(छ) महिना पूरा नहुँदै प्रमाणपत्र जारी गर्न नमिल्ने अवस्थामा सो अवधी नपुग्दै उक्त प्रमाणपत्र दिनेको लागि निवेदकबाट घुस/रिसवत माग गरी घुस/रिसवत लिएको मिसिल संलग्न उल्लिखित सवुत प्रमाणहरुले पुष्टि गरिरहेको अवस्थामा उल्लिखित प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादी कुमारी तारा घिमिरे समेतलाई सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ। •यसै सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतबाट प्रदीप अधिकारी विरुद उद्योग विभाग भएको (ने.का.प.२०६७,अंक ४, नि.नं.८३४०) मुद्दामा “अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउन जिकिर लिएमा सो कुराको प्रमाण पुर्याउने भार निज उपर नै हुन्छ। खल्तीबाट घुसको रकम बरामद भएको अवस्थामा घुस रिसवत लिएको होइन भनी जिकिरसम्म लिएको तर त्यसलाई कुनै बस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरु प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानता नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने” (प्रकरण नं.५), “घुसको रकम,रङ्गे हात पक्राउ परेको

					स्कुल दर्ता गर्ने क्रममा घुस/रिसवत मागी लिएको अवस्थामा त्यस्तो रिसवत लिने राष्ट्रसेवक कर्मचारी कानून बमोजिम सजायको भागी हुने" (प्रकरण नं. ६) नजिर सिद्धान्त प्रतिपादन समेत भएकोमा प्रस्तुत मुद्दामा प्रतिवादी कुमारी तारा घिमिरेले ट्रेडमार्क दर्ता गर्न लाग्ने समयावधी अगावै छिटो दर्ता गरिदिने प्रयोजनको लागि आफ्नो शाखामा कार्यरत कार्यालय सहयोगीसँग मिलेमतो गरी घुस/ रिसवत माग गरी निजहरु सँगै बसेको अवस्थामा प्रतिवादी दिपा थापाको खल्तीबाट रकम समेत बरामद भएको र निजहरुले अदालत समक्ष लिएको घुस वापत नभई राजस्व वापतको रकम भनेको हो भन्ने जिकिरको प्रमाणसमेत पुर्याउन नसकेको अवस्थामा निजहरुले सफाई दिने गरी भएको उक्त फैसला उल्लिखित नजिर सिद्धान्तको प्रतिकुल रहेकोले त्रुटि पूर्ण देखिंदा बदर भागी छ। • अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादी कुमारी तारा घिमिरे र दिपा थापालाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।